साँगुरीगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भेडेटार धनकुटा

<u>शिलबन्दी दरभाउपत्र आह्वानको सूचना</u>

(प्रथम पटक प्रकाशित मिति : २०७६।०६।१६)

यस गाउँपालिका वडा नं. ६ भेडेटारमा रहेको भेडेटार भ्यू टावर आ.व. २०७६/७७ को असार मसान्त सम्मको लागि आन्तरिक आय संकलन गर्ने कार्यको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक संघ संस्था फर्म तथा कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समय भित्र दरभाउपत्र दस्तुर वापत रु. १,०००।०० (फिर्ता नहुने गरि) जम्मा गरेको यस कार्यालयको नगदी रसिद वा नेपाल वंगलादेश बैंक लि. साँगुरीगढी शाखा स्थित ग ४-४ राजश्व संकलन आम्दानी खाता (हि.नं. ०५२००००४४१) मा जम्मा गरेको सक्कल बैंक भौचर, मु.अ.कर दर्ताको प्रमाण पत्र, आ.व. २०७५।७६ को नविकरण भएको फर्म वा कम्पनी दर्ताको प्रमाण पत्र, आ.व. २०७४।७५ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपीहरु निवेदन साथ संलग्न राखि यस कार्यालयबाट दरभाउपत्र खरिद गर्न सकिनेछ । खरिद गरिएको दरभाउपत्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२ बजे भित्र शिलबन्दी गरि यस कार्यालयमा दर्ता गर्न सकिनेछ.। दरभाउपत्र साथ आफुले कबोल गरेको ठेक्का अंकको ५% ले हुन आउने रकम नेपाल वंगलादेश बैंक लि. साँगुरीगढी शाखा स्थित ग ३ धरौटी खाता (हि.नं. ०५२००००८४१) मा सम्बन्धित फर्मको नामबाट जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी भएको कम्तिमा ७५ दिनको मान्य अवधि भएको बैंक जमानत पेश गर्नुपर्नेछ । पेश भएका दरभाउपत्रहरु १६ औं दिन दिनको २:०० बजे प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्यहरु कमश विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ । दरभाउपत्रका शर्त, पेश गर्नुपर्ने कागजातहरु आदिका सम्बन्धमा दरभाउपत्र फारममा उल्लेख गरिएको छ । थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत